# राष्ट्रिय युवा परिषद् (NYC) र महावु गाउँपालिका बिच सम्पन्न सम्झौता – पत्र

## १.परिचय:

श्री राष्ट्रिय युवा परिषद् सानोठिमी, भक्तपुर नेपाल (जसलाई यस पश्चात पहिलो पक्ष भनिनेछ ) र महावु गाउँपालिका दैलेख (जसलाई यस पश्चात् दोश्रो पक्ष भनिनेछ) का बीचमा महावु गाउँपालिका भित्रका उद्यम व्यवसाय स्थापना गर्न तत्पर रहेका युवाहरुलाई उद्यमशीलता विकास प्याकेज (Generate your business-GYB , Start your business-SYB) अनुसारको सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा वित्तीय साक्षरताको ७ दिने तालिम लागत साझेदारीमा सञ्चालन गर्नका लागि यो सम्झौता गरिएको छ ।

## २. औचित्य:

नेपाल सरकारले सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि २०७५ (दोस्रो संसोधन २०७६) जारी गरेको छ । यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि राष्ट्रिय युवा परिषद्को पहलमा यस कार्यविधिमा दोस्रो संशोधन समेत भइसकेको छ । राष्ट्रिय युवा परिषद्को आ.व २०७७।७८ मा ६०० जना उद्यम व्यबसाय स्थापना गर्न तत्पर रहेका युवाहरुलाई उद्यमशीलता तथा वित्तीय साक्षरता सम्बन्धी सिप हासिल गराउने उद्धेश्य रहेको छ । महावु गाउँपालिकामा तालिम सञ्चालन गर्न दुई पक्षका बिच आपसी सहकार्य, साझेदारी, समन्वय,समझदारी अभिवृद्धि गरी समृद्ध नेपाल र सुखी नेपाली अभियानमा उद्यमी युवाको भूमिका बढाउनु हो ।

## ३. उद्देश्य:

महावु गाउँपालिकाभित्रका बढिमा २८ जना उद्यम स्थापना गर्न तत्पर रहेका युवाहरुलाई सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा वित्तीय साक्षरता (Generate your business-GYB , Start your business-SYB) को ७ दिने तालिम ( राष्ट्रिय युवा परिषद् र स्थानीय सरकार) को लागत साझेदारीमा सञ्चालन गरी युवा उद्यमशीलता अभिबृद्धि गर्नु नै यो सम्झौताको मुख्य उद्देश्य रहेको छ । यो सम्झौताका अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन् :

- क) दोश्रो पक्षले उपलब्ध गराएका युवाहरुलाई उद्यम,व्यबसाय स्थापना गर्नको लागि क्षमता अभिवृद्धि गर्ने ।
- ख) पहिलो पक्ष र दोश्रो पक्षको लागत साझेदारी र सहकार्यमा दोस्रो पक्षले उपलब्ध गराएका बढीमा २८ जना मापदण्ड पुगेका युवाहरुको लागि तालिम सञ्चालन गर्ने ।
- ग) दुबै पक्षको सहकार्यमा सहुलियतपूर्ण कर्जा सहजीहरणको लागि बित्तीय संस्थाहरुसँग सम्झौता,समन्वय, साझेदारी र सहकार्य गर्ने ।
- घ) सहुलियतपूर्ण कर्जा सहजीकरणको लागि उद्यमशीलता तथा बित्तीय साक्षरता (Generate your business-GYB , Start your business-SYB) तालिम सञ्चालनको साझेदारी नमुना ढाँचा स्थापित गरी विस्तार गर्दै लैजाने ।

## ४. प्रक्रियाहरु:

तालिम सञ्चालनको लागि दुई पक्षीय समझदारी अनुसार निम्न प्रकृयाहरु अवलम्वन गरिनेछ :

NYC
राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

क) उद्यमशीलता विकास तथा वित्तीय साक्षरता (Generate your business-GYB , Start your business-SYB) तालिम प्याकेज अनुसार सात दिनको सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा बित्तीय साक्षरता तालिम सञ्चालन गरिनेछ ।

ख) दोस्रो पक्षले छनौट गरेका युवाहरु र तय गरेका स्थानमा तालिम सञ्चालन गरिनेछ ।

ग) दुवै पक्षको सहकार्य, समन्वय र साझेदारीमा समय निर्धारण गरी तालिम सञ्चालन गरिनेछ ।

घ) तालिमको अवधि ७ दिन ( ४२ घण्टा) पुरा गर्ने र आफ्नो व्यवसायिक योजना बनाउन सक्ने सहभागीहरुलाई मात्र प्रमाणपत्र प्रदान गरिनेछ ।

ङ)तालिमको स्थानिय संयोजन संयोजक श्री ...................... द्वारा हुनेछ ।

## ५) जिम्मेवारीहरु:

### अ) पहिलो पक्षको जिम्मेवारी

क)उधमशीलता विकास तथा वित्तीय साक्षरता (Generate your business-GYB , Start your business-SYB) तालिम प्याकेज निर्माण गर्ने ।

ख) स्थानिय तहहरुलाई सहभागि आवेदन फाराम, व्यानर सम्झौता पत्र तथा तालिम सामग्रीहरुको सूची तथा अन्य तालिमसँग सम्वन्धित डकुमेन्टहरुको सफ्ट कपी स्थानिय तहको ईमेल ठेगानामा उपलव्ध गराउने ।

ग) दोस्रो पक्षसँग तालिम सञ्चालनका लागि द्विपक्षीय सम्झौता तथा पत्राचार गर्ने ।

घ) दोस्रो पक्षको समन्वयमा तालिमको मिति र स्थलको चयन गर्ने ।

ङ) तालिममा सहभागीहरुको लागि प्रमाणपत्र र एक सेट पठन सामाग्री उपलव्ध गराउने ।

च) तालिममा प्रशिक्षक उपलव्ध गराउने तथा प्रशिक्षण खर्च र आतेजाते खर्च व्यहोर्ने ।

च) तालिमको विस्तृत प्रतिवेदन तयार गरी १ प्रति दोस्रो पक्षलाई समेत उपलव्ध गराउने ।

### आ) दोश्रो पक्षको जिम्मेवारी

क) देहायका मापदण्डका आधारमा तालिमका लागि २८ जना युवाहरु छनौट गर्ने ।

सहभागी छनौटका आधारहरु :

- १६ देखि ४० वर्षका युवाहरु हुनुपर्ने (रिटर्नीलाई उमेर हद नलाग्ने तर पासपोर्ट र अराइभल भिसा अनिवार्य पेश गर्नुपर्ने)।
- कम्तिमा कक्षा ८ उत्तिर्ण हुनुपर्ने ।
- नेपाली नागरिक हुनुपर्ने ।
- तालिममा सहभागी हुने युवाहरु उधम सुरुवात गर्न तयारी अवस्थामा रहेको हुनुपर्ने ।
- तालिममा सहभागीको संख्या एक समूहमा बढिमा २८ जनाको हुनेछ ।

NYC
राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

ख) तालिमका लागि छनौट भएका युवाहरुको विवरण आवश्यक कागजात सहित ( नागरिकताको फोटोकपी १ थान, कक्षा ८ उत्तिर्णको सर्टिफिकेट १ थान , रिटर्नीको लागि पासपोर्ट थप ) राष्ट्रिय युवा परिषद् मा पठाउने ।

ग) सहभागीहरुलाई ७ दिनसम्म नियमित रूपमा उपस्थित गराउने तथा अनुशासन, तालिमको नियमहरु र आचारसंहिता पालना गराउने ।

घ) प्रशिक्षकहरु ३ जना र राष्ट्रिय युवा परिषद् बाट खटिने १ जना गरी ४ जना कर्मचारीको लागि बढिमा ९ दिनको आवास तथा खाना खाजाको व्यवस्था गर्ने ।

ङ) सहभागीका लागि स्टेशनरी, व्यानर, तालिम हल, माइक, ल्यापटप, प्रोजेक्टर लगायत तालिमका लागि आवश्यक सामाग्रीहरुको व्यवस्थापन गर्ने ।

च) सहभागीहरु तथा व्यस्थापकहरु समेतलाई ७ दिनको खाजा , खाना र तातो चिसो पानीको व्यवस्था गर्ने ।

छ) तालिमका सहभागिहरु तथा प्रशिक्षकहरुलाई आवश्यक पर्ने तालिम सम्वन्धी सामाग्रीहरुको फोटोकपीको व्यवस्था गर्ने ।

ज) मुख्य सडकबाट वा सदरमुकामबाट भित्र जानुपर्ने अवस्थामा उक्त स्थानबाट तालिम सञ्चालन हुने स्थानसम्मको यातायात र अन्य व्यवस्थापन सम्वन्धी प्रवन्ध सम्वन्धित स्थानीय तहले गर्ने ।

झ) कोभिड १९ को महामारीको कारणले सहजकर्ता, व्यवस्थापक एवम् सहभागीहरुलाई स्वास्थ्य सुरक्षा सामग्रीहरुको व्यवस्था तथा मापदण्ड पालना गराउनुपर्ने ।

६) विविध :

- यो सम्झौता संशोधन गर्न आवश्यक भए दुवै पक्षको आपसी समझदारीमा गरीनेछ ।
- तालिम सञ्चालनमा कुनै पनि विवाद सिर्जना भएमा आपसी समझदारीमा समाधान गरिने छ । अन्यथा नेपालको प्रचलित कानुन अनुसार हुनेछ।
- सहभागी छनौटको लागि थप प्रक्रियाहरु स्थानीय तहले अवलम्वन गर्न सकिनेछ ।
- तालिम आवेदन फाराम परिषद्को वेबसाइट (**www.nyc.gov.np**) बाट डाउनलोड गर्न सकिनेछ ।

७) **तालिमको कार्यतालिका र स्थान** : ...................... गतेदेखि ...................... गतेसम्म, महाबु गाउँपालिकाको सभाहल ।

८) **अपेक्षित उपलव्धि** : सम्झौतामा उल्लेखित तालिमका अपेक्षित उपविधहरु निम्नानुसार हुनेछन् :

क) आफ्नो गाउँपालिकाभित्रका २८ जना उद्यम व्यवसाय गर्न ईच्छुक तथा वैदेशिक रोजगारीबाट फर्किएका नेपालीलाई स्वरोजगार बनाउन एवम् उद्यम / व्यवसाय स्थापना गर्न उद्यमशिलता विकास तथा वित्तीय साक्षरता (Generate your business-GYB , Start your business-SYB) सम्बन्धी आवश्यक ज्ञान र सिप उपलव्ध गराइनेछ ।

राष्ट्रिय युवा परिषद् नेपाल २०७२ NYC

ख। तालिममा सहभागी युवाहरुलाई व्यवसाय गर्न आवश्यक व्यावसायिक योजना निर्माण गर्ने ज्ञान र सिप प्रदान गरी सक्षम बनाइने ।

ग। दुवै पक्षको समन्वयमा सहुलियतपूर्ण कर्जा सहजीहरणका लागि वित्तीय संस्थाहरुसँग समन्वय, साझेदारी र सहकार्य गरिने र स्थानीय बैङ्कका प्रतिनिधि मार्फत् सहुलियतपूर्ण कर्जा सम्बन्धमा सहजीकरण गरिने ।

९. हस्ताक्षर

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| ........................ प्रशासकीय प्रमुख<br>डा. बाबुराम ढुङ्गाना<br>प्रशासकीय प्रमुख<br>राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुर ।<br>मिति: २०७७।०८।२२ | ........................<br>श्री जंगबहादुर शाही<br>अध्यक्ष<br>महाबु गाउँपालिका , दैलेख।<br>मिति : २०७७।०८।२२ |
| **रोहवर** | |
| ........................ उपसचिव<br>श्री कमला ज्ञवाली<br>उप सचिव<br>राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुर ।<br>मिति : २०७७।०८।२२ | ........................<br>श्री<br>तालिम संयोजक,<br>मिति : २०७७।०८।२२ |
| **कार्यालयको छाप** | |
| पहिलो पक्षको कार्यालयको छाप<br>NYC राष्ट्रिय युवा परिषद्-नेपाल २०७२ सानोठिमी, भक्तपुर | दोस्रो पक्षको कार्यालयको छाप |

ईति सम्वत २०७७ साल मंसीर २२ गते रोज २ शुभम् ।